# ११ बिवाहको पोसाक

*यस अध्यायको निम्ति पढ्नुहोस्:* मत्ती २१, २२:१-१४, प्रकाश २१:२,९, उपदेशक १२:१४, दानियल ७:१०, उत्पत्ति ३:९-१९।

*कण्ठ गर्नुपर्ने मूल पद:* "जो मानिसहरू येशू ख्रीष्टको मातहतमा रहन्छन्, तिनीहरू अब परमेश्वरबाट लगाउने अभियोगमा रहन्दैनन्।" (रोमी ८:१ रूपान्तरित)।

इसाई इतिहासका पानाहरू अन्धकारै अन्धकारका पानाहरूले भरिएका छन्। इसाई हौं भनेर दावी गर्नेहरूले अत्यन्त विभत्स कामहरू गरेको पाउँछौं। अझ हामीले बुझेको भविष्यवाणी अनुसार त येशू फर्किनु अगाडि इसाई भनाउँदाहरूले अझ धेरै दुष्ट कामहरू गर्नेछन् भनेको उल्लेख गरेको पाउँछौं।

यस अध्यायमा एक रोचक नितिकथा वा दृष्टान्तको बारेमा अध्ययन गर्नेछौं। यो कथामा एक तितो सत्यलाई उदाङ्ग गरेको पाउँछौं। उक्त सत्य दु:खदायी छ। येशू भक्त हौं भनेर दावी गर्ने सबै इसाईहरू साँच्चिकै इसाईहरू होइनन् भनेर त्यस दृष्टान्तले पर्दाफास गरेको पाउँछौं। हो, कुन् भक्त हो कुन् भक्त होइन भन्नेको बिचमा छुट्याउन हामी असमर्थ हौंला। फेरि यो यथार्थपनि लुकिएको हामीले बिर्सनुहुन्न। येशूले सोध्नुभयो, "होइन, तिम्रो मित्रको आँखामा भएको कसिङ्गरलाई कसरी देख्छौं जब आफ्नै आँखामा मुढा झुन्दिएको छ भने?" (मत्ती ७:३ रूपान्तरित)। अहँ, हामीले कसैको न्याय त गर्दैनौं। तर परमेश्वरले गर्नुहुन्छ भन्ने कुराप्रति सजग हुनु येशूभक्तको आत्मज्ञान हो।

"सुसमाचारको भोज खाने पाहुनाहरू ती हुन् जसले परमेश्वरका उपासक हौं भनेर दावी गर्दछन्। तिनीहरूका नामहरू जीवनको

पुस्तकमा लेखिएका हुन्छन्। तर इसाई हौं भनेर दावी गर्नेहरू सबै येशूका सच्चा चेला वा भक्तहरू होइनन्। अन्तिम इनाम दिनु अघि, को त्यो इनाम पाउन योग्य छ भनेर परमेश्वरले निर्णय गर्नुपर्छ। येशू स्वर्गका बादलहरूबाट ओर्ल्हनु अघि यो निर्णय गर्नुपर्छ। किनभने उहाँ आउनुभन्दा अघि उहाँसँग इनाम भएको हुन्छ। 'प्रत्येक व्यक्तिले जे गरेका छन् त्यसको इनाम म दिनेछु।' प्रकाश २२:१२।"-एलेन जी ह्वाइट, क्राइष्ट अवजेक्ट लेसनस्, पृ. ३१०।

## १ उल्लासमय दिनहरू (मत्ती २१)

संसारमा रहनुहुँदा अन्तिम दिनमा गर्नुभएको येशूका केहि सेवा कार्यहरूको बारेमा मत्ती २१ले वयान गर्दछन्। प्रायजसो बाइबलले औंल्याएको अनुसार यस अध्यायले पनि मानिसको हृदयले धोका दिनसक्छन् भनेर देखाउँदछन्। स्पष्ट सत्यप्रति हाम्रा मनका आँखाहरूलाई सैतानले कसरी कुशलतापूर्वक बन्द गर्नसक्छन् भनेर पनि यस अध्यायले देखाउँदछन्। यो सोच्न हामीलाई सजिलो छः येशूले स्पष्ट रूपमा दिनुभएको सबै प्रमाणहरूको बाबजूद पनि, ती अगुवाहरू कसरी कठोर, अन्धा, जिद्दीवाल भए त?

तर हामीले हाम्रो हृदयमा गढेर हेरौं र आफूले आफूलाई उल्लु बनाउन नखोजौं। के हामी सेभन्थ-डे एडभेन्टिस्ट भयौं भन्दैमा हामी अरू मानिसहरू भन्दा धेरै भिन्न छौं भने सोच्छौं? के हामी पनि कतिपटक सत्यप्रति कठोर भएका छैनौं र? के हामीमा पनि मनपर्ने पापहरू, अरूलाई दवाएर आफू माथि आउने महत्वाकाँक्षाहरू र साँसारिक मायामोहमा लटपटिने इच्छाहरू छैनन् र? हो, परमेश्वरले हामीलाई माया गर्नुहुन्छ, येशू हाम्रो लागि मर्नुभयो र उहाँको सदाशयता तथा क्षमा सबैलाई उपलव्ध छन्। तर मत्ती २१मा उल्लेख गरिएका मानिसहरूको बारेमा पनि त्यहि भन्न सक्छौं। ती तिनै मानिसहरू हुन् जसले इसाई हौं भनेर दावी गर्दा गर्दै पनि आफ्ना पिठ्युँ येशूबाट फर्काएका थिए र उहाँको विरुद्धमा सक्रिय भूमिका खेलेका थिए। त्यस

मामिलामा हामी पनि अत्यन्त चनाखो हुनुपर्दछ ! नत्रता, हामी त पक्का छौं र कसैले पनि धोका दिन सक्दैनन् वा उल्लु बनाउन सक्दैनन् भनेर ढुक्कमा रहँदा हामी पनि धोक्काको जालोमा फस्न सक्दछौं।

मत्ती २१ अध्याय सरसर्ती पढ्नुहोस्। त्यस अध्यायले २२ अध्यायमा उल्लेखित दृष्टान्तकथाको पृष्टभूमी बताउँदछन्। त्यहाँ धेरै कुराहरू घटिरहेकाछन्। तर यस अध्यायको आधारभूत विषय के हो? यदि तपाईंले त्यस अध्यायको बारेमा छोटकरीमा सारांस लेख्नुपर्दा कस्तो होला? अझ महत्वपूर्ण कुरो त त्यस अध्यायबाट के आत्मिक पाठ हामी सबैले सिक्न सक्छौं?

त्यस अध्यायमा उल्लेखित सम्पूर्ण वाक्यहरूमा अन्तिम दुई वाक्यहरू अत्यन्त रोचक छन्। येशूप्रति मानिसहरूको हृदय कठोर भएको थियो। तर उहाँको वचनको केहि कुराहरू उनीहरूमा पसेको हुनसक्छ। येशूले तिनीहरूको बारेमा कुरा गरिरहनुभएको थियो भनेर ती मानिसहरूले थाहा पाएका थिए। उहाँकै बचनबाट येशूलाई तिनीहरूबाट पन्छाउन तिनीहरूले उचित ठानेका थिए। अगुवाहरूले येशूलाई समात्नबाट रोक्न पनि त्यहि मानिसहरूले रोकेका थिए। यो पनि घतलाग्दो कुरो हो। यो दुःखपूर्ण कुरो छ ! अरू मानिसहरूका गुरू हुनु पर्नेहरूले पनि धेरै कुराहरू सिक्नु अझै परेको थियो। कतिपय समयमा तिनीहरूले कहिले पनि सिकेनन्। जब तिनीहरू सिक्न चाहन्छन् त धेरै ढिलो भइसकेको हुन्छ (प्रकाश १४:३०)।

## २. राजाको निमन्त्रणा (मत्ती २२:१-९)

विवाहको समारोह रमाइलो हुन्छ। तर राजाले आयोजना गर्ने बिवाहको समारोह त झन रमाइलो त हुने नै भयो। राजाको छोरो अर्थात् राजकुमारको बिबाहमा निम्त्याइनु ठुलो आदर पाउनु हो। मत्ती २२मा उल्लेखित राजाको छोराको बिवाहको दृष्टान्तले येशू र उहाँका भक्तहरू अर्थात चर्चको बिचमा हुने सम्वन्धलाई नितिगत रूपमा देखाउँदछ। हेर्नुहोस्: प्रकाश २१:२ र एफिसी ५:२१-२२)।

मत्ती २२:१-८ पढ्नुहोस्। त्यस दृष्टान्तको यस भाग मत्ती २१को भागसँग कसरी मिल्दछ? दुवैमा के एउटै बिषयवस्तुलाई औंल्याइएको छ?

राजा आफैले भोजको समारोह आयोजना गरेक थिए। बिवाहको लागि व्यवस्था पनि उनैले मिलाएका थिए। भोजको निम्ति पशुहरू मारिएको थियो। “सबै थोक तयार भैसक्यो। बिवाहको भोज खान आऊ" (रूपान्तरत) भनेर सन्देश पठाएका थिए। अन्तमा सबै मानिसहरूले केवल त्यस निमन्त्रणालाई स्विकार मात्र गर्नुपरेको थियो।

तर हेर्नुहोस् त ! मानिसहरूले कस्तो बहाना गरेर राजाको निमन्त्रणालाई अश्विकार गरे? त्यस निमन्त्रणालाई कतिले त गम्भिर रूपमा लिएनन्। राजाको निमन्त्रणा स्विकार गरेर भोजमा जानु त्यस्तो महत्वपूर्ण ठानेनन्। त्यस्ता मानिसहरू ती हुन् जसले परमेश्वरको प्रतिज्ञालाई गम्भिर रूपमा अझ पनि लिन्दैनन्। विविध कारणबस ती मानिसहरूले सत्यको निम्ति आफ्नो मनको ढोका खुलाउन राजी भएको देखिन्दैनन्। अरूहरू आफ्नै बाटो लागे। मुक्तिको बाटो साँघरो छ भनेर येशूले भन्नुभएको थियो (मत्ती ७:१४)। परमेश्वरले गर्नुभएको निमन्त्रणालाई अश्विकार गर्न मानिसहरूले अनेकन् बहाना बनाउँछन्। कतिपयले त निमन्त्रणा ल्याउने मानिसहरूलाई झन हमला पो गर्दा रहेछन्। जुन कारण भएतापनि निमन्त्रणामा डाकिएका सबै मानिसहरू बिवाह भोजको समारोहबाट बाहिरिन पुगे। राजाले बोलेको कुरालाई पनि सोच्नुहोस्। जो मानिसले उनको निमन्त्रणालाई स्विकार गरेनन् तिनीहरू अयोग्यका छन् भनेर उनले घोषणा गरे। यथार्थमा हामी सबै पापी छौं, हामी पापमा लपेटिएकाछौं, के हामी राजाको भोजमा उपस्थिति हुन योग्यका छौं र? बाइबलको बोली अनुसार “योग्यको हुनु" भनेको येशूले हाम्रो निम्ति गरिने कामलाई जनाउँछ। हामी आफैमा परमेश्वरको निमन्त्रणा स्विकार गर्ने योग्यता छैन। तर परमेश्वरले हामीमा जे गर्नुहुन्छ र हामी जे गर्न दिन्छौं, त्यसैले गर्दा नै हामी परमेश्वरको राजकिय भोजको समारोहमा जान योग्य हुन्छौं।

जो मानिसहरूले राजाको निमन्त्रणा अश्विकार गरे, कुन् कारणले गरे, त्यो सोच्नुहोस्। तपाईंकै आफ्नै जीवनमा कुन मामिलाले गर्दा परमेश्वरको निमन्त्रणालाई स्विकार गर्न कठिन भएको पाउनुभएको छ? तर परमेश्वरका कुन् प्रतिज्ञा अर्थात् वाचाहरूलाई तपाँईले आत्मसात् गर्न सक्नुहुन्छ जसले गर्दा बहानाहरूलाई पन्छाउन तपाईं सक्षम् बन्न सक्नुहुन्छ?

## ३. भोजमा आएका मानिसहरू आए (मत्ती २२:९-११)

जब निमन्त्रित व्यक्तिहरूले निमन्त्रणा अश्विकार गरे तब राजाले आफ्ना दूतहरूलाई बजारका बाटा घाटाहरूमा पठाए र भने "जाऊ जति धेरै सक्छ त्यति मानिसहरूलाई बटुलेर ल्याऊ" (मत्ती २२:९ रूपमान्तरित)। राजाले सर्व साधारण जनताहरूलाई बिवाहको भोजमा उपस्थित हुन हुकुम दिए। तर त्यस बखत निमन्त्रणा स्विकार गर्नेहरूको प्रतिक्रिया फरक थियो। किनभने यहाँ उल्लेखित पदको अनुसार राजका सेवकहरू सर्वसाधारणकहाँ गएर जतिसक्यो उति मानिस उनीहरूले बटुलेर ल्याए (मत्ती २२:१० रूपान्तरित)

त्यस दृष्टान्तको बाँकि भाग पढ्नुहोस् (मत्ती २२:९-१४)। बिवाहको भोजमा को को आए? भोजमा आउनेहरू कतिपय मानिसहरू दुवै असल र खराब किन थिए त?

अत्यन्त क्रुर, घृणा गर्ने, पूर्वाहग्रहले भरिएका, रिसाहा, हेप्ने मानिसहरूमा कतिपय इसाईहरू पनि छन् भनेर के तपाईंले महशूस गर्नुभएको छ? अरूलाई छारो आँखाले हेर्ने, अरूको आलोचनामात्र गर्ने, दुई मुखे, आफूमात्र असल अरू अधर्मी भनेर देख्ने, पाखण्डी र दुष्टमा पराकाष्टा भएका मानिसहरूले पनि मुक्तिको दावी गर्दै इसाई हौं भनेर ढुक्क भएर चर्च गएकाहरू के तपाईंलाई थाहा छ?

यो कुनै नौलो कुरो होइन। दशौं शताव्दीमा हजारौं इसाई भनाउँदाहरूले भाला तरवार बोकेर जेरुसलेममा मुसलमानहरूको हत्या गर्न हिंडेका युरोप तथा बिलायतका क्रुसेडरहरूलाई तपाईंले के

भन्नुहुन्छ? हो, तिनीहरूमा कतिपय येशूमा समर्पित थिए, तर तिनीहरूले पवित्र भुमी येरुशलेममा गएर लुटपाट र हत्या मच्चाएका थिए। एक जना प्रतक्ष्यदर्शीले यसरी वयान गर्दछन्, “हाम्रा जोशिला इसाई सिपाहीँहरूले अधर्मी वा म्लेच्छ जवानहरूलाई भक भक पानी उम्लिरहेका कराहिमा जीउँदै हाली दिए। बालबालिकाहरूलाई तरवारले छेडे र तिनीहरूलाई पोलेर खाए।"-अमिन मालुफ, *द क्रुसेड्स थ्रु अरब आइज्,* जोन रोथचाइल्डद्वारा अनुवादित (न्यु योर्क, स्ककेन बुक्स, सन् १९८४), पृ. ३९। येशूको नाउँमा ती इसाई भनाउँदाहरूले यस्तो विभत्स कार्य कसरी गर्न सके होलान्?

तपाईंले भन्नु होला, “यो सजिलो छ ! ती मानिसहरू साँच्चिकै इसाईहरू थिएनन्।" तर तपाईंलाई कसरी थाहा छ? तिनीहरूको मनलाई तपाईंले कसरी जाँच्न सक्नुहुन्छ? तिनीहरूलाई के सिकाइएको थियो? परम्पराको नाउँमा तिनीहरूलाई के धर्मशिक्षा दिइएको थियो? आफूले थाहा पाएको भन्दा राम्रो गर्न तिनीहरूलाई मौका कहाँ थियो? के तिनीहरूमा कतिपयले आफ्नो कुकृत्यदेखि पछुताव गरे होलान्? के तिनीहरूले पनि हामीले दावी गरेका त्यहि अनुग्रह र प्रतिज्ञाहरूलाई दावी गरे होलान्? पछि तिनीहरूले पछुताव गरेपनि उनीहरूले विगतको समयमा गरेका भयानक अपराधहरूको बारेमा के भन्ने? हामी को हौं र तिनीहरूको न्याय गर्ने वा तिनीहरूको हृदय जाँच्ने?

हो, हामीले न्याय गर्नुहुन्न, तर परमेश्वरले न्याय गर्नुहुन्छ, गर्नुपर्छ र गर्नुहुनेछ (रोमी १४:१०, हिब्रू १०:३०, उपदेशक १२:१४, दानियल ७:९,१०)। सेभेन्थ-डे एडभेन्टिस्टहरूले परमेश्वरको न्याय गर्ने प्रक्रियालाई इनभेष्टिगेटिम जजमेन्ट वा छानविन गरेर न्याय गर्ने भनेर नामाङ्करण गरिएको छ। मत्ती २२ले त्यसलाई पुष्टि गर्दछ।

इसाईहरूले नै कतिपय खराब कामहरू गरेको इतिहास भरी पाउँछौं। त्यो बिचार गर्नुहोस्। (संसारको इतिहासमा चार करोड भन्दा बेसी इसाईहरू शहिद भए र ती शहिद गराउनेहरूमा कतिपय इसाईहरूले नै अग्र भूमिका खेलेका थिए)। कतिपयले त येशूकै नाउँमा

पनि भयानक अपराध गरेका छन्। त्यस्ता मानिसहरूलाई परमेश्वरले उचित ढङ्गले न्याय गर्नुहुनेछ भनेर यस दृष्टान्तले हामीलाई कसरी बताउँछ?

## ४. बिषेश पोसाक बिना (मत्ती २२:१-१४)

राजाको छोराको भोजमा आउने प्रत्येक व्यक्तिलाई विषेश पोसाक दिइएको थियो। यसको अर्थ के हो? त्यो पोसाकलाई अश्विकार गर्नुको अर्थ किन जीवन मरणको सवाल हो?

कतिपय इसाईहरूले एक फेरा येशूलाई विश्वास गरे स्वःत मुक्तिको घेरामा परिरहन्छ भनेर सिकाउँदछन्। यस सिक्षालाई बिश्वास गरेर धुक्क भएर बस्ने हो भने देहायका दृष्टान्तहरूको अर्थको मतलब केः अहिले गहुँ र सामालाई बढ्न दिने, तर पछि परमेश्वरले तिनीहरूलाई छुट्याउनुहुनेछ (मत्ती १३:२४-३०), बुद्धिमानी र मुर्ख कुमारीहरू (मत्ती २५:१-१३), विश्वासमा हिंड्ने र विश्वासमा नहिंड्ने (मत्ती २५:१४-३०), र सच्चा रूपमा येशूको धार्मिकताले छोपेकाहरू र ती मानिसहरू जो केवल इसाई हुँ भनेर दावी गर्छन् (मत्ती २२:१-१४)? येशूकै नाउँमा भयानक काम गर्नेहरू र अझ त्यस्ता काम गरिरहनेहरूको बारेमा हामीले के भन्ने?

के सत्यमा हिंड्ने र असत्य तथा देखावती रूपमा हिंड्नेको निम्ति केहि खालको अन्तिम न्याय छैन र?

यो गहिरिएर सोच्नुहोस्ः यदि हाम्रो अथक प्रयास वा कामले मुक्ति पाउने हो भने, यो सरल कुरो हो ! के के असल काम गरेको छ त्यस्को सूची बनाउने। ती कामले मुक्ति दिन्छ वा दिन्दैन। वस त्यहि हो। तर कसैले हाम्रो निम्ति असल काम गरेर हामी मुक्ति पाउँछौं भने त्यसलाई के भन्ने? यो यस्तो खालको विश्वास हो जस्मा हामीले मुक्ति पाउन हाम्रो आफ्नो धार्मिक कामबाट होइन तर अरूको। त्यसले गर्दा मुक्तिको विषयवस्तु अझ गहिरिएको पाउँछौं। परमेश्वरको न्यायमा कहिलै पनि त्रुटी हुँदैन। के त्यसको अर्थ मुक्तिको निम्ति असल काम

गर्ने धर्मको आवश्यकता छ त? झट्ट हेर्दा त्यो धारणालाई पुष्टि गर्दैनन् र?

तर मत्ती २२को दृष्टान्तले हामीलाई त्यस धारणालाई स्पष्ट पार्दछ: परमेश्वरलाई पछ्याउँछु भनेर दावी गर्नेहरूमा सत्यमा हिंड्ने पनि छन् र देखावटीमा पनि छन्, तर परमेश्वरले कसरी तिनीहरूलाई छुट्याउनुहुनेछ भनेर देखाइएको छ। तर छुट्याउने रेखा के हो त? सित्तैमा दिइएको येशूको धार्मिक पोसाकलाई पहिरेको छ वा छैन, त्ययो नै वारपार गर्ने रेखा हो।

याद गर्नुहोस्: त्यस दृष्टान्त वा नितिकथामा चर्चको सदस्य र येशूको धार्मिकताले उद्धार पाएका पापीको बिचमा स्पष्ट भिन्नता देखाइएको छ। चर्चको सदस्य हुनु र येशूको बाहुल्यतालाई स्विकार गरेर उहाँको पोसाक लगाएर हिंड्नु एउटै होइन। तपाईंको जीवनशैली, क्रियाकलापहरू, तपाईंको बोलीवचन, तपाईंको सोच वा नियत, तपाईंको सत्रु र इष्टमित्रहरूप्रति तपाईंको मनस्थिति आदि सोच्नुहोस्। के ती कामकुरोहरूले तपाईं येशूको धार्मिक पोसाक लगाइरहेको देखाउँछ कि केवल भोजमात्र खान आउने व्यक्ति?

## ५. छानबिन वा निरिक्षण (उत्पत्ति ३:९-१९)

यदि तपाईंले यो विश्वास गर्नुहुन्छ रे, कोहि मानिसले एकफेरा मुक्ति पायो भनेर त्यो सदा मुक्तिमै रहन्छ र कहिलै पनि खस्किन्दैन। अनि अन्तमा येशूको धार्मिकताको पोसाक लगाउने र देखावती धर्मात्मा देखाउनेहरूको बिचमा परमेश्वरले छुट्याउन के को आवश्यकता पर्दछ र? त्यो दृष्टान्तको यथार्थ अर्थ नै त्यहि विषय वस्तुमा आधारित छ। फेरि मानौं, हाम्रो काममा आधारित नभएको धर्म छ रे। तर विश्वासद्वारा दावी गर्दै हामीले अरूको काममा मुक्ति पाउँछौं रे। तर परमेश्वरले अन्तमा कसरी दुई खालका मानिसहरूलाई छुट्याउने प्रावधान नहुनसक्छ र?

देहायका पदहरू तुलनात्मक रूपमा हेर्नुहोस्: उपदेशक १२:१४ र १ कोरन्थी ४:५लाई मत्ती २२:११सँग। त्यहाँ उल्लेखित तिन पदहरूम के साझा विषयवस्तु छन्? त्यो विषय किनु महत्वपूर्ण छ?

येशू र सैतानको बिचमा भएको महान् विवाद वा युद्धको बारेमा सेभेन्थ-डे एडभेन्टिस्टहरू अत्यन्तै सजग छन् (प्रकाश १२:७-९, १ पत्रुस ५:८, एफिसी ३:१०)। साथै सारा जगतका जीवहरूले यस महान् बिवादलाई अत्यन्त चासोसाथ हेरिरहेकाछन् भनेर हामीले बुझेकाछौं (दानियल ७:१०, १ कोरन्थी ४:९, एफिसी ३:१०)। त्यसकारण विश्वासी र अविश्वासीको बिचमा हुने छानबिन परमेश्वरबाट होइन भन्ने तर्कलाई हामी सोझै अश्विकार गर्दछौं। आफ्ना सत्य आस्थावान मानिसहरूलाई परमेश्वरले नै राम्ररी चिन्नुहुन्छ।

यो ठूलो चित्र हाम्रो मनमा राख्नु अत्यन्तै जरुरत छ: पाप, विद्रोह, मुक्ति र परमेश्वरको योजनाको मामिला आदिमा खुला रूप, न्यायोचित ढँगले र निष्पक्ष तरिकाले चलेको सारा जगतका प्राणीहरूले धेरै चासोसाथ हेरीरहेकाछन्।

कुनै किसिमको छानबिन बिना न्यायको फैसला हुँदैन। उत्पत्ति ३:९-१९ हेर्नुहोस्: जब पापको प्रथम् प्रवेश भयो, तब परमेश्वर आफै प्रश्न गरेर पापको मामिलामा संलग्न भएको देखाउनुभएको थियो। प्रश्नको जवाफ उहाँलाई थाहा थियो, तर उहाँले प्रश्न गर्नुको कारण त्यहाँ के भइरहेको छ सो उहाँ संवेदनशील हुनुभएको छ भनेर देखाउनको निम्ति हो। यो प्रश्नले परमेश्वरले छानबिन गरिसक्नुभएको छ भनेर देखाउँदछ। त्यो छानबिन उहाँको बारेमा नभएर ती आदम र हवाको बारेमा हो भनेर जनाउँछ। आदम र हवाले जे गरे त्यो अत्यन्त गम्भिर थिए भनेर तिनीहरूले बुझुन् भनेर परमेश्वर चाहनुभएको थियो। अन्तको समयमा हुने छानबिनको बारेमा पनि त्यहि हो। यो प्रक्रिया परमेश्वरको निम्ति नौलो होइन। तर जे हुन्छ त्यो अरूको भलाइको

निम्ति हो र जे भयो त्यो किनभयो भनेर तिनीहरूले बुझुन् भनेर पनि हुनेछ।

मृत्युको निम्ति अभियोग लगाएतापनि त्यसमाथि अनुग्रहले जित्न सक्छ भनेर उत्पत्तिमा भएको फैसलाले (उत्पत्ति ३:१५) देखाउँछ। परमेश्वरलाई सच्चा रूपमा पछ्याउनेहरूको निम्ति उहाँको अनुग्रह आवश्यकता परेको बेलामा हरदम उपलव्ध छ चाहे अहिले वा न्यायको दिनमा।

के तपाईंको कामको बारेमा छानबिन हुने रे? यसले गर्दा येशूको धार्मिक वस्त्र हामीले सधैं लगाई रहनुपर्नेमा के हामी सजग नहुने त? वा के मुक्ति अनुग्रहबाट भैहाल्छ भन्दैमा हाम्रो कामको केहि मतलव छैन र? यदि येशूको पोसाकले तपाईंलाई छोपेन भने तपाईंको जीउने आशा के मा छ त?

## उपसंहारः

<u>थप जानकारीः</u> एलेन जी ह्वाइट, *क्राइष्ट अवजेक्ट लेसनस्,* पृ.३०७-३१९, "विथआउट वेडिङ्ग गारमेन्टस्।"

"मानिसलाई मुक्ति गर्ने भन्दा मुक्तिको योजनाको उद्देष्य अत्यन्त गहिरो छ। यस संसारको निम्ति मात्र येशू आउनुभएन। सारा जगतको सामु सैतानले लगाएको परमेश्वर चरित्रको अभियोगलाई फच्र्योट गर्न येशू आउनुभएको हो।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ६८बाट रूपान्तरित। (सैतानको अभियोग थियो, परमेश्वरले उहाँका जीवहरूलाई स्वइच्छा र प्रेमले होइन तर जबरजस्ती सेवा गर्न कर लगाउनुहुन्छ)।

"जब स्वर्गमा लडाईं भयो तब परमेश्वरले सैतानलाई उत्तिनैखेरी नाश गर्नुभएन। महान् बिवादमा के के समावेश भएका छन् भन्ने कुरालाई स्वर्गदूतहरू त्यत्तिखेर बुझेको थिएन। त्यस बिवादको मूल कारण के रहेछ भनेर पूर्ण रूपमा पछि पर्दाफास गर्नेछ। मानिसको हितको निम्ति अहिले सैतान जीइरहनु आवश्यक छ। ज्योतिको

राजकुमार येशू र अन्धकारका राजकुमार सैतानको बिचमा के स्पष्ट भिन्नता छ भनेर त्यस संसारको मानिस र स्वर्गदूतहरूले देख्नै पर्दछ। कसको आराधाना र सेवा गर्ने भनेर मानिसले निर्णय गर्नु आवश्यक छ।"- एलेन जी ह्वाइट, *द डिजायर अभ एजेज्*, पृ. ७६१।

**चिन्तनमनन:**

क. विश्वभरीका इसाई इतिहासको बारेमा सोच्नुहोस्। इसाई हुँ भनेर दावी गर्नेहरूले गरेका भयङ्कर र आततायी कामहरूको बारेमा सोच्नुहोस्, त्यो पनि येशूकै नाउँमा रे ! आफ्नो कुकृत्य छोप्न तथा बहाना बनाएर धर्मको पोसाक लगाएर गरिएका भयङ्कर अपराधहरूको बारेमा सोच्नुहोस्। यो दुर्भाग्य तथ्यलाई राम्ररी बुझ्न येशूलाई पछ्याउने भनेर दावी गर्नेहरू र उहाँका परमभक्तहरूको बिचमा छुट्याउनु आवश्यक छ भनेर मत्ती २२का नितिकथा र बाइबलका अरू पदहरू हाम्रो अगाडि छन्।

ख. येशूले हामीलाई लगाइदिने पोसाक उहाँको धार्मिकता हो र हाम्रो जीवनमा उहाँको चरित्रलाई झल्काउन दिने तत्व हो भनेर एलेन जी ह्वाइटले स्पष्ट रूपमा खुलासा गरेकी छिन्। यी दुई सत्यहरूको बिचमा के अन्तर छ भनेर हामीले कसरी बुझ्ने? हामी जे गर्छौं त्यसप्रति हामी किन संवेदनशील हुनुपर्दछ?

ग. हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको नाताले महान बिवाद कसरी यथार्थ छ र त्यसले हाम्रो विश्वास तथा धर्मदर्शनहरूलाई कसरी प्रभाव पार्दछ भनेर सोच्नुपर्दछ। यो विषय वस्तुले बाइबललाई कसरी

नजिकै पछ्याउँछ भनेर यस विषयलाई उल्लेख गरिएको बाइबलका सबै पदहरू हेर्नुहोस्। (तिनीहरूलाई मनमा राख्दै येशू र सैतानको बिचमा भइरहेको महान् बिवादप्रति तपाईं सजग भएर बस्नुहोस् भनेर हामी सुझाव दिन चाहन्छौं)।

घ. विवाहको भोजमा लगाउन दिइएका विशेष पहरिणको बारेमा दृष्टान्त भन्दै येशूले त्यसलाई यी वचनहरू भनि सिध्याउनुभयोः "धेरै मानिसहरूलाई निम्त्याइएका छन् तर थोरैलाई मात्र चुनिएका छन्" (मत्ती २२:१४ रूपान्तरित)। त्यस दृष्टान्तको बिषयवस्तुको अनुसार, येशूले उच्चारण गर्नुभएको त्यस वाक्यको निर्णायक तात्पर्य के हो?